# विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन

विभाग अन्तरगत स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको

**Ed-598** विषयको आंशिक आवश्यकता

परिपूर्तिका लागि प्रस्तुत

शोध-पत्र

प्रस्तुतकर्ता

हरिराम राउत

परीक्षा रोल नं. २१४००२४/२०६६

त्रि.वि.द.नं. ८२८०-८५

शैक्षिक वर्ष २०६५/०६६

सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

इन्द्रपुर, मोरङ

२०७०

विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था -हरिराम राउत

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग अन्तर्गत (Ed-598) को प्रयोगात्मक परीक्षाको आंशिक आवश्यकता पूरा गर्नका लागि "विद्यालयमा आधारित बालविकासकेन्द्रको वर्तमान अवस्था" शीर्षकमा यो शोप-पत्र तयार पारिएको छ।

सुकुना बहुमुखी क्याम्पस मोरङ्गका पाठ्यक्रम तथा मूल्याङ्कन विभागका प्राध्यापक श्री गणेशप्रसाद दहालको रचनात्मक सहयोग, सल्लाह एवम् प्रत्यक्ष सम्पर्कमा शोध-पत्र तयार पारिएको छ। उहाँले निरन्तर रुपमा प्रदान गर्नुभएको उत्प्रेरणा, हौसला, तथा अमूल्य सहयोगप्रति आभार प्रकट गर्दछु ।

अध्ययनका क्रममा सूचनाहरु उपलब्ध गराउनका लागि अमुल्य समय खर्चेर सहयोग पुऱ्याउने श्री शारदा उ.मा.वि. खराङ १, श्री बाणीविलास मा.वि. खराङ ८, श्री धर्मदेवी नि.मा.वि. खराङ ३, श्री अरुण नि.मा.वि. खराङ ७, श्री हिमगंगा नि.मा.वि. बानेश्वर ८ र श्री भीमसेन प्रा.वि. खराङ ५ सँग सम्बन्धित विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत विद्यालय परिवार र अभिभावकहरू सबैमा हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु।

मेरो अध्ययन कार्यलाई यहाँसम्म ल्याईपुऱ्याउँन सहयोग गर्नुहुने पिता बलबहादुर राउत, स्व. माता सरस्वता राउत प्रति हार्दिक आभार प्रकट गर्दै श्रीमती रमादेवी र छोराहरू खगेन्द्र र सगेन्द्र राउतलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोप्राइटर धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु।

हरिराम राउत

# शोधसार

प्रस्तुत शोधपत्र **विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था** शीर्षकमा तयार पारिएको छ । यस शोध-पत्रको उद्देश्य विद्यालयमा आधारित बालविकास केन्द्रहरूको वर्तमान भौतिक र शैक्षिक अवस्थाको अध्ययन विश्लेषण गरी बालविकास कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन सुझाव गर्नु रहेको छ ।

प्रस्तुत उद्देश्य पूरा गर्नको लागि संखुवासभा जिल्लाको चैनपुर स्रोतकेन्द्र अन्तर्गतका ६ वटा विद्यालयमा आधारित बालविकास केन्द्रहरूलाई यस कार्यको कार्यस्थलको रुपमा छानिएको छ । कार्यस्थलको छनौट गर्न गाउँ तथा शहरलाई समेटिएकोछ । यसरी नै उच्च मा.वि., मा.वि., नि.मा.वि, र प्रा.वि. तहका विद्यालयहरूलाई समेटिएको छ । नमूनाको छनौट गर्दा उद्देश्यपूर्ण नमूना छनौट विधिको प्रयोग गरी स्रोतव्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सहयोगी कार्यकर्ता, अभिभावक र विद्यार्थीहरूलाई उत्तरदाताको रुपमा प्रस्तुत गरिएको छ । नमूना छनौटमा भूगोल, जातजाती, आर्थिक सामाजिक स्थितिलाई आधार बनाइएको छ । यस कार्यलाई पूरा गर्न प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र अवलोकन फारामहरूलाई प्रयोग गरिएको छ । प्रश्नावलीको प्रयोग गर्दा सम्बन्धित व्यक्तिले प्राप्त गर्न सक्ने सञ्चार माध्यमको प्रयोग गरी प्रश्नावली भराई फिर्ता मागिएको छ भने अन्तर्वार्ता प्रश्नावली र अवलोकन फारामहरू शोधकर्ता स्वयम् सम्बन्धित बालविकास केन्द्रमा उपस्थित भई प्रत्यक्ष अवलोकन र सोधखोज गरी तथ्याङ्कको संकलन गरिएको छ ।

प्राप्त सूचनाहरूको अवलोकन विश्लेषणबाट बालविकास केन्द्रका आफ्नो छुट्टै भवन र प्रशासन कक्ष नभई विद्यालयसँग एकिकृत भएको पाइयो । बालविकास केन्द्रका कक्षाहरू विद्यालयले व्यवस्था गरेको भवन र कोठामा सञ्चालन हुने गरेको पाइयो । बालबालिकाहरूको उमेरअनुसारका फर्निचर पर्याप्त नभएको र गुन्द्री पिरालाई समेत फर्निचरको रुपमा प्रयोग गरेको पाइयो । बालबालिकाहरूका लागि खेल खेल्न सबै केन्द्रहरूमा खेलमैदान भएता पनि उनीहरूको अवस्थाअनुसार स्वतन्त्रतापूर्वक खेलहरू खेल्न सक्ने अवस्था संयुक्त खेल मैदान भएको कारणले देखिएन । सबै बालविकास केन्द्रहरूमा छात्र/छात्रा र शिक्षकहरूले प्रयोग गर्ने छुट्टाछुट्टै शौचालय छन् । पर्याप्त पानी नभएकोले उचित प्रयोग भएको देखिएन । बालबालिकाहरूलाई तिर्खा लाग्नसाथ पिउने पानीको व्यवस्था अनियमित भएको पाइयो । अनियमित भएको केन्द्रहरूमा घरबाट पानी ल्याउनु पर्ने वा माग्न र खोज्न जानुपर्ने अवस्था देखियो । ब्राम्हण, क्षेत्री, राई, तामाङ, नेवार, दलित,

लिम्बू र शेर्पा जातिका छात्र जम्मा ५६ र छात्रा जम्मा ६३ समेत गरि ११९ जना विद्यार्थीहरू अध्ययनरत रहेको पाइयो । सबै केन्द्रमा विवाहित महिला सहयोगी कार्यकर्ता कम्तीमा एस.एल.सी. पास शैक्षिक योग्यता भएर पनि कम तलब सुविधामा कार्यरत रहेको पाइयो । सम्बन्धित केन्द्रहरूका अभिभावकहरू अधिकांश एस.एल.सी. पास नभएका र थोरै अभिभावक मात्र एस.एल.सी. पास शैक्षिक योग्यता भएका पाइयो । सबै केन्द्रहरूमा शिक्षा प्रदान गर्नका लागि पर्याप्त शैक्षिक सामग्री नभएको र भएका सामग्रीहरूलाई प्रयोग गरेको पाइयो । केन्द्रहरूमा खेलखेल्ने सामग्रीहरू पर्याप्त नभएको र भएका खेल सामग्रीहरू प्रयोग गरी खेलखेलाउने गरेको पाइयो । बालविकास केन्द्रका व्यवस्थापन समितिका पदाधिकारीहरू र अभिभावकहरूको केन्द्रप्रति कममात्र ध्यान पुग्ने गरेको र विद्यालयका प्रधानाध्यापकहरू सकेसम्म बालविकास केन्द्रलाई प्रभावकारी बनाउन प्रयास गरिरहेको पाइयो । बालबालिकाहरूको शैक्षिक, शारीरिक, सामाजिक र सम्वेगात्मक विकाससँग सम्बन्धित क्रियाकलापहरू गराउने र लिखित, मौखिक र प्रयोगात्मक विधि प्रयोग गरी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

बालविकास केन्द्रसँग सम्बन्धित कार्यक्रम कुन समुदाय वा वर्गका लागि हो भन्ने स्पष्ट सरकारी नीति हुनपर्दछ । बालविकास केन्द्रसँग सम्बन्धित सबै पक्षको सहभागितामा नीति निर्माण गरी सरकारी लगानीमा बृद्धि गर्नु पर्दछ । बालविकास केन्द्रमा भौतिक, शैक्षिक तथा खेलसामग्रीहरूको प्रर्याप्तता हुनुपर्दछ । स्वच्छ पिउने पानी र खेलमैदानको व्यवस्था पर्याप्त हुनपर्दछ । प्रधानाध्यापक, सहयोगी कार्यकर्ता र अभिभावकहरूलाई बालविकास केन्द्रको व्यवस्थापन र पोषणयुक्त खाना एवम् खाजा सम्बन्धी तालिम दिनुपर्दछ, भन्ने सुझाव गरिएको छ ।

# विषय सूची

पृष्ठ सङ्ख्या

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

तालिका सूची

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ६

१.५ अनुसन्धानात्मक प्रश्नहरू ७

१.६ अध्ययनका परिसिमा ७

परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन

२.१ सैद्धान्तिक अवधारणा ८

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.३ पुनरावलोकनको शैक्षिक उपादेयता १२

परिच्छेद तीन : अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा १३

३.२ जनसङ्ख्या र नमुनाको आकार १३

  ३.२.१ नमूना छनौट विधि १३

  ३.२.२ नमूना छनौटको आधार १४

३.३ तथ्याङ्कका स्रोतहरू १४

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू १५

३.५ अध्ययनका साधनको वैधता १६

३.६ तथ्याङ्क संकलन विधि १७

३.७ तथ्याङ्क विश्लेषण विधि १७

परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण

४.१ बालविकास केन्द्रको वर्तमान अवस्था १८

४.१.१ बालविकास केन्द्रको वर्तमान भौतिक अवस्था १८
४.१.२ बालविकास केन्द्रको शैक्षिक अवस्था २३
४.१.३ बालविकास केन्द्रका बालबालिकाहरूको लैङ्गिक र उमेरगत अवस्था २४
४.१.४ बालविकास केन्द्रका बालबालिकाहरूको जातिगत अवस्था २४
४.१.५ सहयोगी कार्यकर्ताको वर्तमान अवस्था २५
४.१.६ अभिभावकहरूको शैक्षिक अवस्था २९
४.१.७ बालविकास केन्द्रमा उपलब्ध शैक्षिक सामग्रीको अवस्था ३०
४.१.८ खेलकुद सामग्रीको अवस्था ३१
४.१.९ व्यवस्थापन समिति र व्यवस्थापकीय अवस्था ३३
४.१.१० विद्यालयका प्रधानाध्यापकको बालविकास केन्द्र व्यवस्थापनमा भूमिका ३४
४.१.११ बालबालिकाहरूको विभिन्न पक्षको विकासको अवस्था ३५
४.१.१२ मूल्याङ्कन प्रणाली ३७
४.२ बालविकास केन्द्रले विद्यालयको शैक्षिक प्रभावकारीता बृद्धि गर्न खेलेको भूमिका ३८
४.२.१ विद्यार्थीहरूसँग सम्बन्धित भूमिका ३८
४.२.२ अभिभावकसँग सम्बन्धित भूमिका ३८
४.२.३ प्रशासन तथा व्यवस्थापन सम्बन्धी भूमिका ३९
४.२.४ शैक्षिक प्रभावकारीता बृद्धि सम्बन्धी भूमिका ३९
४.२.५ शिक्षण प्रभावकारी बनाउँन सहयोगी भूमिका ४०
४.२.६ विद्यालयको सम्बन्ध र सहयोग बृद्धि गर्ने भूमिका ४०
४.२.७ विविध भूमिका ४०
४.३ बालविकास केन्द्र सञ्चालमा देखा परेका समस्याहरू ४१
४.३.१ भौतिक व्यवस्थापन सम्बन्धी समस्या ४१
४.३.२ शैक्षिक सामग्री सम्बन्धी समस्या ४३
४.३.३ सहयोगी कार्यकर्ता सम्बन्धी समस्या ४३
४.३.४ व्यवस्थापकीय समस्या ४४
४.३.५ निरीक्षण र मूल्याङ्क सम्बन्धी समस्या ४५
४.३.६ स्थानीय स्रोत परिचालन र अन्य समस्या ४६
४.४ बालविकास केन्द्रहरू सञ्चालनमा देखापरेका समस्या समाधानका उपायहरू ४६
४.४.१ भौतिक सुविधाको व्यवस्था ४७
४.४.२ शैक्षिक सामग्रीको व्यवस्था ४७
४.४.३ तालिमको व्यवस्था ४८

४.४.४ स्वास्थ्य परीक्षण तथा पौष्टिक आहाराको व्यवस्था ४९
४.४.५ सरकारी नीतिमा स्पष्टता र लगानीमा बृद्धि ५०
परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव
५.१ प्राप्ति ५१
५.२ निष्कर्ष ५२
५.३ सुझावहरू ५२
५.३.१ नीतिगत तह ५३
५.३.२ अभ्यास तह ५३
५.३.३ अनुसन्धान तह ५३
सन्दर्भसूची
अनुसूचीहरू

# तालिका सूची


| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| तालिका १ : केन्द्रगत फर्निचर सम्बन्धी अवस्था | २० |
| तालिका २ : बालबालिकाको उमेरगत अवस्था | २४ |
| तालिक ३ : जातिगत आधारमा बालबालिकाहरूको अवस्था | २५ |
| तालिका ४ : सहयोगी कार्यकताको वर्तमान अवस्था | २६ |
| तालिका ५ : अभिभावकहरूको शैक्षिक अवस्था | ३० |
| तालिका ६ : खेल सामग्रीको अवस्था | ३२ |
| तालिका ७ : व्यवस्थापन समितिको अध्यक्षहरूको अवस्था | ३३ |